आ.व. ०७९।०८० | बैठक नं. १२०७९।०८०
बैठक:- नगर कार्यपालिका बैठक | मिति: २०८०।३।३१ गते
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ** | स्थान:- ता.न.पा. सभाहल
समय:- दिनका १.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा मिजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष प्रवक्ता | ता.न.पा. ११ | सदस्य |
| | श्री सनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा. ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा. ६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा. ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा. ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा. ९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा. १० | सदस्य |
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा. १२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा. १३ | सदस्य |
| | श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा. १४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क. | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| | श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ना न पा ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ना न पा ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ना न पा ८ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ना न पा १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ना न पा का | सचिव |
| श्री गिता भट्टराई | डो.वा.वडा अध्यक्ष-१३ | | |
| श्री लक्ष्मी पाण्डे | डो.वा. वडा अध्यक्ष -३ | | |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**
तानसेन नगरपालिका वडा नं. १० को वडा कार्यालय भवनको तत्काल मर्मत गर्नुपर्ने अवस्था रहेकोले प्राविधिक डिजाइन तथा इस्टिमेटका आधारमा चालु आ.व.को नगर विकास योजनाको मर्मत सम्भार कोष शिर्षकबाट रु. १ (एक) लाख बराबर विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरुमा आ.व ०७९।८० को रु. २० लाख वरावरको वजेटवाट आवश्यक पर्ने औषधी खरिद गर्न शिलवन्दी दरभाउ पत्रको प्रकृया पुरा गरी औषधी खरिद गरिएकोमा उक्त रु.२० लाख रकम मध्य रु.११०९९०७। घटी रहन गएकोले बाँकी रकमवाट पुरानै शिलवन्दी दरभाउ पत्र दाताको लागि निजले कवोल गरेको दररेट वमोजिम उक्त सप्लायर्सवाट पून थप औषधी सोझै खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम तर्फ शसर्त कार्यक्रमवाट कार्यक्रम स्वीकृत भई आएका विद्यालयहरुका लागि ३१ (एकतिस) लाख वरावरको डेस्कटप कम्प्युटर, पृन्टर, ल्याप्टप र प्रोजेक्टर खरिद गर्दा रु. ४ (चार) लाख रकम वचत हुन गएकोमा यस अघी खरिद गर्दा भएको स्पेशिफिकेशन वमोजिम थप ल्यापटप कम्प्युटर सोही मुल्यमा सोही सप्लायर्सवाट खरिद गरि अरु थप विद्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल प्राज्ञिक अनुसन्धान केन्द्रको प्राविधिक सहयोग तथा सहजिकरणमा तानसेन नगरपालिकाबाट तयार गरिएको बृहत सांस्कृतिक अध्ययनको प्रतिवेदन स्वीकृत गरी प्राविधिक सहयोग गर्ने संस्था नेपाल प्राज्ञिक अनुसन्धान केन्द्रलाई तानसेन नगरपालिकाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको कला, संस्कृति तथा सम्पदा संरक्षण शिर्षकवाट रु. ४,९५,०००। भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**
तानसेन नगरपालिका वडा नं. ६, गन्धर्व टोलमा ढल व्यवस्थापनको समस्या रहेकोले नगर विकास योजनाको १०२०००। (अक्षेरुपी एकलाख दुई हजार मात्र) नगर प्रवद्धनात्मक अन्तर्गत फोहर मैला व्यवस्थापन शिर्षकवाट खर्च गर्नेगरी तत्काल कार्य अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**
तानसेन नगरपालिका प्रमुख ज्यूको कार्यकक्षको कार्य पुरा गर्न रु.६६०००। (छैसट्ठी हजार मात्र) साथै वडा नं. १ वडा कार्यालयको भवनको लागि थप लाग्ने १८०००। (अठार हजार मात्र) गरी जम्मा रकम रु. ८४०००। (चौरासी हजार मात्र) वजेट रकम चालु आ.व.को नगर विकास योजनाको मर्मत सम्भार खर्च शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ७

पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ३ बस्ने अखण्ड प्रसाद बैजुले मिति २०८०।२।१८ गतेको पत्रबाट पाल्पा जिल्ला बर्तुङ्ग ४ कि.नं. २३८४ क्षेत्रफल ४-८-०-० को जग्गामा ढुङ्गाको गारो उठाउने, बाटो बनाउने र अन्य संरचना बनाउन पाँउ भन्ने व्यहोराको निवेदन दिएको ।

यस क्षेत्रको सम्बन्धमा यस अघि नै तानसेन नगर कार्यपालिकाको मिति २०७४।१०।२६ गतेको बैठकबाट उक्त क्षेत्र जैवीक विविधता र पर्यावरणीय सन्तुलनका दृष्टिले महत्वपूर्ण मानिएको एवं सिमसार क्षेत्रको रुपमा रहेको तानसेन नगरपालिका वडा नं. ७ मा अवस्थित प्रभास ताल र आसपासको क्षेत्रमा बाहिरी क्षेत्रबाट माटो ल्याई पानीले ढाकेको जग्गा पुरेको कारण अतिक्रमणमा परेकोले जग्गा प्लटिङ्ग र बस्ती विकासको लागि रोक लगाउने भनी गरेको निर्णय र तानसेन नगरपालिकाको मिति २०७५।३।२७ गतेको तेस्रो नगरसभाबाट समेत नगर कार्यपालिकाको निर्णयलाई अनुमोदन गरेको,

सम्मानीत उच्च अदालत तुल्सीपुर दाङ, बुटवल इजलासको फैसलाले **"प्रभास ताल क्षेत्रका कि.नं. २०३, ५१०, ५११, ५१९, ५२०, ५२२, ५२३, ५४०, ५४१, ५४२, ५४३, १७८१, १७८२, १७८३, १७८४, १७८५, १७८६ का सत्र (१७) कित्ता जग्गाहरुको बाटोघाटो, चारकिल्ला प्रमाणित नामसारी नर्गन भनी पत्राचार गर्ने निर्णय र सो बमोजिम भएको पत्राचार लगायतका अन्य काम कारवाही सो हदरसम्म मात्र उत्प्रेषणले बदर भएको हुँदा च.नं. १७६४, मिति २०७४।११।९ को पत्रबाट बाटो घाटो, चारकिल्ला प्रमाणित नगर्ने र कित्ता काट नामसारी नर्गन भनी रोक्का राखिएका उक्त जग्गाहरु सो पत्र बमोजिम रोक्का नराखी पुकुवा गर्नु भनी विपक्षी मालपोत कार्यालय र नापी कार्यालयलाई लेखी पठाउनु र अन्य विपक्षीहरुलाई जाकारी दिनु"** भन्ने आदेश भएकोमा यस नगरपालिकाबाट सम्मानित अदालतको आदेश कार्यान्वयन गरेको ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) त्र मा वातावरण संरक्षण र जीवक विविधता सम्वन्धी अधिकार स्थानीय तहको हुने भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ । साथै बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ (पहिलो संसोधन, २०७५) ले सिमसार क्षेत्रमा त्यस्तो क्षेत्रको किनारवाट पचास मिटर टाढा हुने गरी मात्र भौतिक संरचना निर्माणको अनुमति प्रदान गर्ने, सिमसार क्षेत्रको अधिकार क्षेत्रभित्र भने कुनै पनि प्रकारको भौतिक संरचना निर्माणको अनुमति प्रदान नगर्ने साथै सार्वजनिक पानीको मुहानलाई असर गर्ने गरी स्थानीय तहले कुनै पनि निर्माणको अनुमति प्रदान नगर्ने भन्ने व्यवस्था भएका कारण माथि उल्लिखित निवेदकको माग बमोजिम निजहरुको व्यक्तिगत जग्गा उक्त स्थानको प्राकृतिक विशेषता र स्वरुपमा परिवर्तन गर्न नपाउने गरी सम्मानित अदालतको आदेश बमोजिम प्रयोग तथा उपयोगमा रोक नलगाउने तर सिमसार क्षेत्रका कारण माटो पट्याउने, जग्गा विकास, वस्ती विकास र पूर्वाधार निर्माण गर्न रोक लगाउने र निवेदकलाई सोही अनुसारको जानकारी गराउने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ८

ता.न.पा ५ स्थित वनदेवी क्षेत्रमा फोहर डम्पिङ्ग गरेको स्थानमा आगो नियन्त्रण सम्बन्धमा उच्च अदालतको फैसला बमोजिम आवश्यक कार्य अगाडि बढाइ पाउँ भनी देउराली सामुदायिक वनबाट अनुरोध भई आएकोले अदालतको निर्णयको सम्मान गर्दै आगो र धुवाबाट मानव स्वास्थ्यमा असर परिरहेका अवस्थालाई न्युनिकरण गरि ल्याण्डफिल्ड साइटलाई सुधार तथा व्यवस्थापन गरी संचालन गर्न बजेट व्यवस्थापन गरी कुहिने फोहर घरमै व्यवस्थापन गर्न लगाउने, नकुहिने फोहर ल्याण्डफिल्ड साइटमा व्यवस्थापन गर्ने तथा दीर्घकालसम्म यस क्षेत्रको सुधारको लागि आवश्यक कार्य गर्न फोहरमैला तथा ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्नको लागि निम्नानुसारको समिति गठन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निम्नः

| सि.नं. | श्री सुनिल कुमार बस्याल | अध्यक्ष वडा नं. १, ता.न.पा. | संयोजक |
|---|---|---|---|
| १ | श्री राम बहादुर रावल | अध्यक्ष वडा नं. ५, ता.न.पा. | सदस्य |
| २ | श्री हिमलाल पंगेनी | अध्यक्ष वडा नं. १०, ता.न.पा. | सदस्य |
| ३ | श्री राजेश कुमार अर्याल | अध्यक्ष वडा नं. ९,, ता.न.पा. | सदस्य |
| ४ | श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य, ता.न.पा. | सदस्य |
| ५ | श्री अनु रामदाम | कार्यपालिका सदस्य, ता.न.पा. | सदस्य |
| ६ | इ. शिव शर्मा | वास फोकल पर्सन | सदस्य सचिव |

निर्णय नं. ९

तानसेन नगरपालिका भित्र रहेका संचार संस्थाको सवलिकरणको लागि सहयोग गर्ने प्रयोजनार्थ निम्नानुसारको संचारगृह सवलीकरण समिति गठन गर्ने निर्णय गरियो

निम्नः

| सि.नं. | श्री माधव अर्याल | संयोजक |
|---|---|---|
| १ | श्री किरण कौशल | सदस्य |
| २ | श्री नवराज ज्ञवाली | सदस्य |

निर्णय नं. १०

यस नगरमालिकामा सम्पन्न भएको कर्णेल उजिरसिंह थापा पाल्पा गोल्डकप कार्यक्रमको लागि सहयोग माग भएकोमा चालु आ.व.को नगर विकास योजनाको मागमा आधारित शिर्षकबाट रकम रु. ४०००००।- (अक्षेरुपी चारलाख मात्र ) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

तानसेन नगरपालिकाको बजार क्षेत्रको सौन्दर्यकरण तथा व्यवस्थापनको लागि निम्नानुसारको बजार व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निम्न:

| सि.नं. | | | |
|---|---|---|---|
| १ | श्री महेश्वर श्रेष्ठ | अध्यक्ष वडा नं. २, ता.न.पा. | संयोजक |
| २ | श्री सागरमान महर्जन | अध्यक्ष वडा नं. ६, ता.न.पा. | सदस्य |
| ३ | श्री संजय घले | कार्यपालिका सदस्य, ता.न.पा. | सदस्य |
| ४ | श्री दिनेश गन्दर्भ | कार्यपालिका सदस्य, ता.न.पा. | सदस्य |
| ५ | श्री पुजा रावल | कार्यपालिका सदस्य, ता.न.पा. | सदस्य |
| ६ | श्री जयप्रकाश उप्रेति | नगर प्रहरी इन्चार्ज | सदस्य |
| ७ | दुर्गा बहादुर थापा | बरिष्ठ अधिकृत | सदस्य सचिव |

**निर्णय नं. १२**

तानसेन नगरपालिकाद्धारा गठित समितिहरुबाट प्रस्तुत गरिएको निम्नानुसारका प्रतिवेदनहरु कार्यपालिकामा पेश भएकोमा उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

(क) जग्गा व्यवस्थापन समितिको प्रगति प्रतिवेदन, २०८०

(ख) वातावरणीय सुन्दर नेपालसँगको सम्झौता सम्बन्धी प्रगति प्रतिवेदन, २०८० (फोहरमैला व्यवस्थापन)

(ग) आ.व. २०७९/०८० को अनुगमन प्रतिवेदन ।

**निर्णय नं. १३**

तानसेन नगरपालिकाले साविकमा आफ्नै श्रोत साधनवाट फोहरमैला व्यवस्थापन गर्दै आएको र सार्वजनिक नीजि साझेदारी नीति वमोजिम सरसरफाईमा नयाँपन आउने र फोहर मैलाको थप व्यवस्थापन हुने अपेक्षा सहित विगत २ वर्ष देखि वातावरणीय सुन्दर नेपाल, रुपन्देहीसँग सम्झौता गरी फोहरमैला व्यवस्थापन् गर्दै आएकोमा उक्त कार्य सन्तोषजनक हुन नसकेको र साविकमा नगरपालिकाले गरेको व्यवस्था भन्दापनि कमजोर देखिएको साथै नगरपालिकाले प्राप्त गर्ने राजश्व समेत घट्न एवं गुम्न जाने देखिएकोले उक्त सम्झौता तानसेन नगरपालिकाको हितमा समेत नरहेको हुँदा निज संस्थासंगको सम्झौता मिति २०८० आषाढ मसान्तवाट रद्द गरी २०८० श्रावण १ गते देखि तानसेन नगरपालिकाले साविक वमोजिम आफै संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको तेह्रौ नगरसभाको बैठक (अधिवेशन) मिति २०८० आषाढ ९ गते दिनको १:०० बजे शुभारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौवाट सुझाव कार्यान्वय सम्वन्धी प्राप्त पत्रवारे बैठकमा जानकारी भयो ।

नगर प्रमुख

निर्णय नं. १६
सडक डिभिजन कार्यालय, पाल्पाबाट मिति २०८०।२।१९ प्राप्त चिडियाखोला देखि राम्दी सम्मको सिद्धार्थ राजमार्ग अन्तर्गत अनाधिकृत संरचना निर्माणमा रोक तथा हटाउने पत्र बारेमा बैठकमा जानकारी भयो ।

निर्णय नं. १७
नेपाल नगरपालिका संघको भवन निर्माणको लागि चालु आ.व.को नगर विकास योजना अन्तर्गत नगर प्रवर्द्धनात्म कार्यक्रको मर्मत सम्भार कोष शिर्षकबाट रु.५००००० (अक्षेरुपी पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८
तानसेन नगरपालिकाको चालु आ.व.०७९।०८० जेष्ठ २९ गतेसम्मको आय तर्फ रु.८०,६७,६२,३७४।०४ वरावर र व्यय तर्फ रु ६१,०७,७७,२१५। वरावर आय व्यय विवरण पारित गरि सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १९
नगरपालिकाको वडा नं. ४ स्थित मोहनकन्या माध्यामिक विद्यालयको भवन निर्माणका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (४ कोठे भवन निर्माण) अन्तर्गत ठेक्का प्रकृया मार्फत खरिद सम्झौता गरिएकोमा ठेक्का प्रक्रियामा घटी भएको बाँकी रकमबाट सोही कक्षा कोठामा आवस्यक पर्ने फर्निचरहरु खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २०
(क) तत्कालिन भूमि सम्वन्धी समस्या समाधान आयोग तथा राष्ट्रिय भूमि आयोगवाट विभिन्न समयमा प्रकाशित सूचना वमोजिम यस तानसेन नगरपालिकामा संकलन भएका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको विवरण संकलन भई दर्ता गर्ने क्रममा त्रुटिवश दर्ता मिति सूचना प्रकाशन भएको मिति भन्दा फरक उल्लेख भएकोले उक्त मितिलाई संशोधन गरी (आयोगवाट प्रकाशन भएको मिति कायम हुने गरी) कार्य अगाडि बढाउने निर्णय गरियो ।

(ख) भूमि सम्वन्धी समस्या समाधान आयोगबाट जारी गरिएको अनुसूची-३ र अनुसूची-४ बमोजिमका फाराममा राष्ट्रिय भूमि आयोगवाट परिमार्जित गरिएकोले पूर्ववत रुपमा गरिएका सम्पूर्ण कार्यहरुलाई हालको फारम अनुसार समर्थन गरिदिन तथा सोही अनुसार कायम गरिदिन जिल्ला समिति, मार्फत राष्ट्रिय भूमि आगोगमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २१
तानसेन नगरपालिकाद्धारा गठित खोला, खोल्सी, ढल तथा नदिको मापदण्ड निर्धारण गर्न गठित समितिबाट कार्यपालिकामा पेश गरिएको तानसेन नगरपालिका क्षेत्र भित्रका खोला खोल्सा ढल तथा नदिको मापदण्ड सहितको देहायको प्रतिवेदन संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका

तानसेन,पाल्पा

खोला तथा खोल्साको सेडब्याक

| सी.न. | वार्ड न. | नदि तथा खोलाको नाम | खोला तथा नदीले छोएका बस्तीहरु | प्रस्तावित सेडब्याक | कायम सेडब्याक(मि |
|---|---|---|---|---|---|
| १.० | १ | टिमुरे खोला | सातल खोला ,बजादि | १०मि | १०मि |
| २.० | १ | घारे खोला | टिमुरे,बझादि | १०मि | १०मि |
| ३.० | १ | बराङ्गदि खोला | बराङ्गदि,सित्तल डाडा | १०मि | १०मि |
| ४.० | १ | खरीपानि खोला | नारायणडाडा ,विसडाडा,खरिपानी | १०मि | १०मि |
| ५.० | १ | मरे खोला | नारायणडाडा | २०मि | २०मि |
| ६.० | २ | तिनधारा खोल्सा | | ४मि | ४मि |
| ७.० | २ | राधे राधे खोल्सा | | ४मि | ४मि |
| ८.० | २ | नारायण स्थान खोल्सा | | ४मि | ४मि |
| ९.० | ४ | होलाङ्गदि खोला | | ३मि | ५मि |
| १०.० | ५ | सिस्ने खोला | धरमपानि | २०मि | २०मि |
| ११.० | ५ | सिस्ने खोला | हन्गादी ,भेदेचौर | २०मि | २०मि |
| १२.० | ५ | सिस्ने खोला | धरमपानि | १५मि | १५मि |
| १३.० | ५ | अर्चले खोला | अर्चले ,सापाखुम | १५मि. | १५मि. |
| १४.० | ५ | सारि खोला | साल्घारि,डीवारि | १५मि. | १५मि. |
| १५.० | ५ | खरिपानी खोला | नारायण डाडा ,विसडाडा,खरिपानी | १०मि | १०मि |
| १६.० | ५ | होलाङ्गदि खोला | प्रगतिनगर,तेल्घा ,प्रभास,वासटारी ,नयाँपाटि | १०मि | १०मि |
| १७.० | ५ | कुडाडी खोला | अर्चले ,सापाखुम | १०मि | १०मि |
| १८.० | ५ | बराङ्गदि खोला | बराङ्गदि,सित्तल डाडा | १०मि | १०मि |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३७.० | ९ | बाढ खोला | खर्के डाडा,बाडखोला सा.ब.,तिन्टी आप | १५मि | १५मि |
| ३८.० | ९ | अधेरि खोला | बेलगैरा ,दमकडा नमुना बस्ति | १५मि | १५मि |
| ३९.० | ९ | धोन्द्रे खोला | रसगाग्री,दमकडा | १५मि | १५मि |
| ४०.० | ९ | डुम्रि खोला | | १५मि | १५मि |
| ४१.० | ९ | ढाव खोला | | २०मि | २०मि |
| ४२.० | ९ | तिनाउ खोला | | ३०मि | ३०मि |
| ४३.० | १० | सुरुङ्गतुङ्ग खोला | | १०मि | १०मि |
| ४४.० | १० | तानसेन होलाङ्गदि खोला | | १०मि | १०मि |
| ४५.० | १० | सारी खोला | | ५मि | ५मि |
| ४६.० | १० | आमडाडा ढडाहा सुरुङ्गतुङ्ग | | ५मि | ५मि |
| ४७.० | १० | तेल्घा, गहते ,आमडाडा | | ५मि | ५मि |
| ४८.० | ११ | कुरूङ्ग खोला | कुरूङ्ग, खोला | १०मि | १०मि |
| ४९.० | ११ | हान्गादि खोला | हान्गादि ,जुकिया | १०मि | १०मि |
| ५०.० | ११ | धारे खोला | गेवा ,तिलाहार | १०मि | १०मि |
| ५१.० | ११ | सिस्ने खोला | हान्गादि,भेडेचौर | १०मि | १०मि |
| ५२.० | ११ | पाडे खोला | वाझा | १०मि | १०मि |
| ५३.० | १२ | कुरूङ्ग खोला | कुरूङ्ग खोला | १०मि | १०मि |
| ५४.० | १२ | अवल खोला | अवल | १०मि | १०मि |
| ५५.० | १२ | छरछरे खोल्सा | आमडाडा | १०मि | १०मि |
| ५६.० | १२ | लुहुङ्ग देखि जोर्ते झर्ने खोल्सा | लुहुङ्ग जोर्ते | ३मि | 10मि |
| ५७.० | १२ | अघाहा खोल्सा | आमडाडा ,चिउदी | १०मि | १०मि |
| ५८.० | १३ | बराङ्गदि खोला | १,२,३ अर्तुङ्ग | ३०मि | ३०मि |
| ५९.० | १३ | कालिगण्डकी खोला | सिमानाका बस्ति | ३०मि | ३०मि |
| ६०.० | १३ | बाध खोला | सिचाई गैराबारी ,३ र अर्तुङ्ग | ३० मि | ३० मि |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १९.० | ६ | रोज रिसोट तर्फको बगनासकाली जोड्दै माडी तर्फ बग्ने खोला | प्रभास,वासटारी ,नयाँपाटि ,डुम्रे, चर्चरे | ३०मि | ३०मि |
| २०.० | ६ | चिसापानी खोला | तल्लो कुन्सरे | १५मि | १५मि |
| २१.० | ६ | स्कुल डाडा खोला | माथिल्लो कुन्सरे | १५मि | १५मि |
| २२.० | ६ | मौरीखोला | वगाले टोल | १५मि | १५मि |
| २३.० | ६ | कुन्सरे ,डोरकट्टा,पझ्रेटारी खोप गैरा ,गाहा टोल ,धोविधारा तिरका अन्य भित्रि साना खोल्सा लगायत अन्य खोल्साहरु | विभिन्न | १५मि | १५मि |
| २४.० | ६ | छाङ्गदि खोला हुदै टेकरी हुदै बग्ने खोला | ओडारे ,टेकरि | १०मि | १०मि |
| २५.० | ६ | रिपाहा खोला | वर्तुङ्ग | १०मि | १०मि |
| २६.० | ७ | होलाङ्गदि खोला | प्रभास,वासटारीं ,नयाँपाटि | ८मि | १०मि |
| २७.० | ७ | प्रभास खोला | होलाङ्गदि ,प्रभास | ७.५मि | १०मि |
| २८.० | ७ | नयाँपाटि खोला | प्रभास,वासटारी ,नयाँपाटि | ८मि | १०मि |
| २९.० | ७ | वाहुन खोला | पक्लुवा | ५मि | ५मि |
| ३०.० | ७ | वाढ खोला | | ५मि | ५मि |
| ३१.० | ७ | चिसापानी खोला | तल्लो कुन्सरे | ५मि | ५मि |
| ३२.० | ७ | स्कुल डाडा खोला | माथिल्लो कुन्सरे | ५मि | ५मि |
| ३३.० | ८ | नया पाटि खोला | प्रभास,वासटारी ,नयाँपाटि डुम्रे,चरचरे | ३०मि | ३०मि |
| ३४.० | ८ | गाङ्गदि खोला | पाडेखर्क ,बाटुलेचौर ,नयापाटि | ३०मि | ३०मि |
| ३५.० | ८ | तिनाउ खोला | पिपलडाडा | ३०मि | ३०मि |
| ३६.० | ९ | वाहुन खोला | जुम्लिवारी,पक्लुहवा,सानी पिपल ,चण्डीस्थान | १५मि | १५मि |

जीवन न्यौपाने (stamp: प्रमुख प्रशासकीय अधिकृत)

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ६१.० | १४ | बसनि खोला | देउराली बजार तथा घोरपुछार | ६मि | ६मि |
| ६२.० | १४ | रिडी खोला | ऋषिकेश परिसर तथा रिडी बजार क्षेत्र | ३०मि | ३०मि |
| ६३.० | १४ | कुरुङ्ग खोला | कुरुङ्ग खोला | १०मि | १०मि |

#२०७२ सालको भूकम्प अघि नगरपालिका बाट नक्शा पास गरि प्लिन्थ तथा सुपरस्ट्रक्चरको अनुमति लिई मापदण्ड अनुसार घर बनाई निर्माण सम्पन्न नलिनु भएका सेवाग्राहीलाई हाल अभीलेख प्रक्रियामा अभिलेख शुल्क र सोहि अभिलेख शुल्क बराबरको विलम्ब शुल्क लिई ३५ दिने सूचना जारी गरि अभिलेखिकरण दिने निर्णय गरियो ।

#तानसेन नगरपालिकाको हालको मापदण्ड खोल्सिको किनारा देखि पानि बग्ने खोल्सीमा ३/३ मि. र पानि नबग्ने खोल्सामा १.५/१.५ मि मापदण्ड भएकोले सो कारण नगरवासीलाई पर्न गएको असुविधालाई मध्यनजर गर्दै खोल्सी किनारा १.५/१.५ मि राख्ने निर्णय गरियो

#ढलको मापदण्ड किनारा देखि १.५/१.५ मि रहेको हुदा नगरबासीलाई पर्न गएको अशुविधालाई मध्यनजर गर्दै ढल किनारा देखि ०.७५ मि राख्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

पाल्पाली समाज पोखराले यस नगरपालिका लगायत पाल्पा जिल्लाका पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनमा सहयोग पुऱ्याउने गरी पोखराको विभिन्न स्थानमा डिजिटल डिस्प्ले बोर्ड राखेको र सोको संचालनको लागि रकम माग गरेकोमा चालु आ.व.को नगर विकास योजनाको नगर प्रवर्द्धनात्मक कार्यक्रमको पर्यटन प्रवर्द्धन शिर्षकबाट रु. १०००००। (अक्षेरुपी एकलाख मात्र ।) निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस कार्यालयसँग तपसील बमाजिमको निर्माण कार्यको सम्झौता भई निर्माण कार्य सम्पन्न गर्ने म्यादभित्र सम्पन्न नभएकोले सो अधुरा निर्माण कार्यहरु सम्पन्न गर्न सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) नियम १२० क (खरिद सम्झौताको अवधि थप सम्बन्धि विशेष व्यवस्था) बमोजिम तपसीलमा उल्लेखित योजनाहरुको लागि मिति २०८० असार १५ सम्म सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न गर्नेगरी म्याद थप गर्ने निर्णय गरीयो ।

| ठेक्का नं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | म्याद थप हुने मिति |
|---|---|---|---|
| TM/PLP/W/NCB/08 /2076-077 | सडक स्तरोन्नती कार्य (टक्सार वनदेवि, बतासे ढुङ्गाखानी सडक खण्ड) | महादेव खिम्ती श्रेष्ठ अन्जना जे.भि., तम्घास, गुल्मी | २०८०।०३।१५ |

**निर्णय नं. २४**

तानसेन नगरपालिका कार्यालय, पाल्पाको आ.ब. २०७९।०८० मा तानसेन नगरपालिका र संघीय शशंत अनुदान अन्तर्गतको कार्यक्रमहरु मध्ये ता.नं.पा. वाड नं. ०२, पाल्पामा संचालित ठेक्का नं.

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

TM/PLP/ W/ NCB/01/2079-080 को Conservation of Amarnarayan Temple at Tansen-02,Palpa कार्यको लागि मिति २०७९।०७।०२ गते यस कार्यालय र Ratna Nirman Sewa,Bakhtapur,Nepal बिच सम्झौता भई निर्माण कार्य भैरहेको, उक्त आयोजना निर्माण कार्यको लागत अनुमानका क्रममा पुर्वानुमान गर्न नसकी तपशिल बमोजिमका item छुट्न गएको र सो कार्य बिना अन्य कार्य गर्न नमिल्ने हुनाले सार्वजनिक खरिद एन को दफा ५४ र नियमावली को नियम ११८ बमोजिम भेरिएसन आदेश जारी गर्नु पर्ने प्रावधान रहेकोले देहाय वमोजिम भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसील**

| |
|---|
| 1.Single layers of plastic felt laying on roofing with bitumen. |
| 2. flat Brick soling Works as per instruction by Engineer. |
| 3. concrete Screeding Works for levelling above the soling. |

| विवरण | सुरुको लागत रकम | संशोधित लागत रकम | सुरुको सम्झौताको रकम | कायम सम्झौता रकम |
|---|---|---|---|---|
| जम्मा रकम | 10678425.62 | 11213373.74 | 9273476.05 | 9738348.82 |
| PS | 50000.00 | 50000.00 | 50000.00 | 50000.00 |
| भ्याट १३ प्रतिशत | 1388195.33 | 1457738.59 | 1205551.89 | 1265985.35 |
| कुल जम्मा | 12116620.95 | 12721112.33 | 10529027.94 | 11054334.17 |
| भेरीयसन रकम | 534948.12 (बढी) | | 464872.77 (बढी) | |
| भ्याट १३ प्रतिशत | 69543.25 | | 60433.4601 | |
| भेरीयसन कुल रकम | 604491.38 | | 525306.23 | |
| भेरीयसन प्रतिशत | ४।९९ प्रतिशत(बढी) | | ४।९९ प्रतिशत(बढी) | |
| तुलनात्मक भेरीयसन प्रतिशत (लागत र सम्झौता) | | | शुरुको लागत रकममा १३।१ प्रतिशत | संशोधित लागत रकममा १३।१ प्रतिशत |

**निर्णय नं. २५**

तानसेन नगरपालिकामा गठित मेलमिलापकर्ताहरुलाई एक बटा विवाद मिलाए बापत खाजा भत्ता स्वरुप प्रतिव्यक्ति रु.५०० प्रदान गर्न यस नगरपालिकाको न्यायिक समितिबाट सिफारिस भइ आएकोले सोही अनुसार खाजा भत्ता स्वरुप रकम प्रदान गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**निर्णय नं. २६**

तानसेन नगर कार्यपालिकाको बैठकबाट तानसेन नगरपालिका क्षेत्र भित्रका लघु लिफ्ट खानेपानी अनुदानमा कुल विद्युत महसुलमा २५ प्रतिशत अनुदान दिने कार्यक्रममा सहभागिताको लागि यस कार्यालयबाट विभिन्न मितिमा जारी गरिएको सूचना अनुसार पर्न आएका विभिन्न उपभोक्ता समितिहरुका आवश्यक कागजातहरु अध्ययन विश्लेषण गरी प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्न समिति गठन गरी जिम्मेवारी प्रदान गरिएकोमा समितिबाट तयार गरिएको प्रतिवेदन (२२ खा.पा.उ.स मध्ये १३ वटा अनुदान प्राप्त गर्न ग्राह्य खानेपानी उपभोक्ता समितिहरुको विवरण) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

तानसेन नगरपालिकाको चालु आ.व.मा दुग्ध उत्पादनमा किसानलाई दिने अनुदानमा सहकारी संस्था मार्फत उपलब्ध गराउने भनिएकोमा समूह मार्फत उपलब्ध गराइएको अनुदानलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

दायित्व फाउण्डेशन संस्थाबाट तानसेन नगर क्षेत्रमा रहेको बेरोजगारीहरुको समस्या समाधान गर्न सहकार्य गरी उद्यमशिलताको विकास मार्फत कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २९**

कारितास नेपालको सहयोगमा तासनेन नगरपालिका वडा नं. ५ मा निर्माण गरिएको अदुवा भण्डारको मुलढोका र सामान्य मर्मतको लागि कारितास नेपालवाट प्राप्त रकमवाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १० मा संचालन गर्ने गरी दर्ता कायम रहेको ईजाजत पत्र नं. ३८०/०७८/०७९ मिति २०७८।७।३ प्रोपराईटर हुमराज बस्याल रहेको बगनास देवी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ म.न.पा. वडा नं. १० बाट तानसेन नगरपालिका वडा नं. १ पाल्पामा सरी आएकोले तानसेन नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिको मिति २०८०।२।३० गतेको निर्णयले उल्लेखित फर्मको ठेगाना काठमाण्डौ महानगरपालिका वडा नं. १० बाट तानसेन नगरपालिका वडा नं. १ पाल्पा राखी फर्मको ठेगाना र ठाउँसारी गर्ने निर्णय भई आएकोले उक्त बगनास देवी कन्स्ट्रक्सन प्रा.लि.को ठेगाना र ठाउँसारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

उपमेयरसँग सुत्केरी पोषण कार्यक्रममा नपुग रकम व्यवस्थापन गरी उपलब्ध गराउनका लागि हाल सम्म पेश भएको २०१ जनाको रु. ५२३०००। रहेको र यंस आ.व.मा ५ (पाँच)लाख विनियोजन भएकोमा बाँकी २३०००। बढी खर्च हुन गएको हुँदा बाँकी नपुग रकम रु.२३०००। नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत नगर स्वास्थ्य कार्यक्रम शिर्षकवाट भुक्तानी दिने र यस आ.व. को लागि कार्यक्रम

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

स्थगित गर्ने साथै आगामी आ.व का लागि कानून बमोजिम ३५ दिन भित्र जन्मदर्ता गरी ४२ दिनभित्र भुक्तानी हुनेगरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३२**

मगर महोत्सवको लागि सहयोग रकम माग भएकोमा उक्त कार्यक्रमको लागि नगरपालिकाको नगर प्रवर्दनात्मक कार्यक्रम अन्तर्गत कला संस्कृति तथा सम्पदा संरक्षण कार्यक्रम शिर्षकबाट रकम रु. २०,०००। बीस हजार निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ३३**

तानसेन खानेपानी उपभोक्ता समितिको सन्दर्भमा २०६८ सालमा सम्बन्धित मन्त्रालयबाट विधिवत रुपमा तानसेन खानेपानी योजना उपभोक्ता समितिलाई हस्तान्तरण भएकोमा २०७३ सालमा उपभोक्ता समितिको निर्वाचन भई उपभोक्ता समिति गठन भएको र तत् पश्चात हालसम्म उक्त उपभोक्ता समितिको नियमानुसार हुनु पर्ने साधारणसभा र अधिवेशन समेत नहुँदा लामो समय देखि उपभोक्ता समितिले अवैधानिक रुपमा आफ्नो म्याद आफै थप गर्दै आएको छ । अनेक बाहाना बनाई अझै पनि साविककै समितिले आफूलाई निरन्तरता दिन आफु अनुकुल हुनेगरी साविकको विधानलाई तोडमोड गरी संसोधन गरेको र उक्त संसोधित विधान प्रचलित कानून बमोजिम कुनै पनि सरकारी निकायबाट स्वीकृति समेत भएको छैन । यस्तो अवस्थामा तानसेन नगरपालिकाकाले विधान संसोधनको लागि कार्यपालिकाको बैठकबाट निर्णय गरी सुझाव सहित संसोधन गर्नुपर्ने तीन महले विवरण समेत उपलब्ध गराएको तर उपभोक्ता समितिले उक्त सुझावलाई वेवास्ता गरी अवैधानिक विधानबाट चुनावको प्रक्रिया थालनी गरेको र आम उपभोक्ताहरु मध्येबाट योग्य पदाधिकारी छनोट गर्ने प्रक्रिया अवरुद्ध गरेकोले हालको खानेपानी उपभोक्ता समिति विघटन गरी नयाँ तदर्थ समिति गठन गर्न खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, अर्घाखाँचीलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३४**

यस नगर कार्यपालिकामा कार्यरत कर्मचारी (सरसफाईकर्मी) श्री मान बहादुर दर्जीको कार्यरत रहँदा रहँदै आज मिति २०८०।२।३१ गते भएको अल्पायुमा निधन भएकोमा निजको आर्थिक तथा पारिवारीक अवस्था निकै कमजोर भई अस्पतालबाट अन्तिम संस्कारका लागि सव निकाल्न समेत समस्या रहेकोले निजलाई हितकारी कोषबाट रु. २५०००। सहयोग स्वरुप निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ३५**

यस नगर कार्यपालिकामा कार्यरत कर्मचारी (सरसफाईकर्मी) श्री मान बहादुर दर्जीको कार्यरत रहँदा रहँदै आज मिति २०८०।२।३१ गते भएको अल्पायुमा निधन भएकोमा मृतात्मको चीर शान्तिको कामना साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवार तथा आफन्तजन प्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख